# हामीले साथ छोड्यौं, कांग्रेस-एमाले साना हुँदै गए : प्रचण्ड

दैनिक समाचारदाता
विराटनगर, १४ फागुन । नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले नेपाली कांग्रेस र एमालेलाई माओवादीले नै ठूला दल बनाएको दाबी गरेका छन् ।
विराटनगरमा पत्रकारसँग कुरा गर्दै उनले कांग्रेस-एमाले आफैं ठूला नभएको बताउँदै माओवादीले नै ठूला दल बनाइदिएको दाबी गरे ।
'कांग्रेस र एमालेलाई पछिल्लो समय ठूलो पार्टी बनाउन सहयोग गरेको माओवादीले हो । देशको आवश्यकता अनुसार समझदारीबाट जाऔं भन्ने जिम्मेवारी बोधका कारणले हामीले उनीहरुलाई ठूलो बनाएको हो । उनीहरु आफैं



ठूलो भएका होइनन्', उनले अघि भने, 'जब हामीले छोड्यौं उनीहरु ठूलो हुन पनि छोडे ।' उनले पछिल्लो समय भएको उपचुनावको उदाहरण दिंदै माओवादीले साथ छोडेपछि कांग्रेस-एमाले खस्किंदै गएको दाबी गरेका हुन् ।
गत उपचुनावमा कोशीका ८ पदका लागि भएको चुनावमा एक्लै लड्दा पनि माओवादी पहिलो दल भएको बताउँदै उनले माओवादीले साथ छोड्दा कांग्रेस एमाले सानो हुँदै गएको बताए । उनले पत्रकारलाई प्रश्न गर्दै भने, 'उपचुनाव त यहाँ धेरै ठाउँमा भएको थियो । ग्रामथानमात्रै त होइन । ८ ठाउँमा चुनाव भयो हामी एक नम्बर पार्टी भयौं । कसरी भयौं ? अघिल्लो रेकर्ड हेरेर हुन्छ ?'
पत्रकार सम्मेलनमा पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले सुशासनको अभियान चलाउँदा भ्रष्टाचारीहरुले आफ्नो सरकार ढलाएको बताए । त्यही भ्रष्टाचारविरुद्धको अभियानलाई अहिले जनतामाझ लिएर गएको उनको भनाइ छ ।

# सुडानी सेनाको विमान बस्तीमा खस्यो, १० जनाको मृत्यु




दैनिक समाचारदाता
काठमाडौं, १४ फागुन । सुडानमा एक सैन्य विमान दुर्घटना हुँदा कम्तिमा १० जनाको मृत्यु भएको छ ।

राजधानी खार्तुमबाट करिब २२ किलोमिटर उत्तरतर्फ एन्टोनोभ विमान दुर्घटनाग्रस्त हुँदा चालक दलका सदस्य, सैन्य अधिकारी र सर्वसाधारण गरी १० जनाको मृत्यु भएको हो ।

उक्त विमान सेनाका उच्च अधिकारीहरू बोकेर सैन्य मिसनमा जाँदै थियो ।

दुर्घटना बाक्लो बस्तीमा भएको थियो । त्यसैले कम्तिमा पाँच जना सर्वसाधारणको पनि मृत्यु भएको छ । विमानको भग्नावशेष आवासीय घरहरूमा खसेको छ, जसले केही घरहरूमा ठूलो क्षति पुऱ्याएको छ ।

स्थानीय स्वयंसेवी समूहले दुर्घटनापछि अस्पतालमा गम्भीर रूपमा जलेका घाइतेहरू र दश शवहरू ल्याइएको जनाएको छ । सो समूहले बाँचेकाहरूमा गम्भीर चोटहरू रहेको पनि उल्लेख गरेको छ । विमान दुर्घटनाको कारण खुलेको छैन । चिनियाँ समाचार एजेन्सी सिन्ह्वाले दुर्घटनाको कारण प्राविधिक गडबडी हुनसक्ने जनाएको छ ।

प्रत्यक्षदर्शीहरूले विमान निकै होचो उचाइमा उडिरहेको र अचानक भुइँतर्फ खस्दै जाँदा आगो लागेको देखेको बताएका छन् ।

यो दुर्घटनाले सुडानमा जारी गृहयुद्धको संकटलाई थप गहिरो बनाएको छ । सुडानी सशस्त्र बल र अर्धसैनिक समूह र्‍यापिड सपोर्ट फोर्स बीच २०२३ को अप्रिलदेखि चलिरहेको द्वन्द्वका कारण अहिलेसम्म २९ हजार ६०० भन्दा बढी मानिस मारिएका छन् । १५ लाभभन्दा बढी विस्थापित भएका अन्तर्राष्ट्रिय आप्रवासन संगठनले जनाएको छ ।

## तोलामा ८ सय घट्यो सुन

दैनिक समाचारदाता
काठमाडौं, १४ फागुन । सुनको भाउ तोलामा ८ सय रुपैयाँ घटेको छ ।
नेपाल सुनचाँदी व्यवसायी महासंघले बुधबारका लागि भाउ प्रतितोला १ लाख ७० हजार ५ सय रुपैयाँ तोकेको छ । अघिल्लो दिन हालसम्मकै उच्च प्रतितोला १ लाख ७१ हजार ३ सय रुपैयाँ थियो । चाँदीको भउ तोलामा ३० रुपैयाँ घटेको छ । अघिल्लो दिन प्रतितोला १९७० रुपैयाँ रहेको चाँदी आज १९४० रुपैयाँमा झरेको छ ।

## तीन युवा समातिए

दैनिक समाचारदाता
काठमाडौं, १४ फागुन । अमेरिका पठाउने भन्दै डेढ करोड रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेहरूमा रुकुम पश्चिम मुसिकोट नगरपालिका-१ का २४ वर्षीय मनिषराज खड्का, मुसिकोट-२ का २७ वर्षीय मधुकुमार खड्का र सोही ठाउँका ३४ वर्षीय वीरेन्द्र खड्का छन् ।
उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले टोखाबाट सोमबार पक्राउ गरेको हो ।
बेरोजगार युवायुवतीहरूलाई वैदेशिक रोजगारीमा अमेरिका पठाउने भन्दै उनीहरूले १ करोड ४४ लाख ५० हजार रुपैयाँ उठाएर ठगी गरेको आरोप छ ।
पक्राउ परेकाहरूलाई ठगीको कसुरमा अनुसन्धान गर्न जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

# अमेरिकाले 'गोल्ड कार्ड' भिसा ५० लाख डलरमा बेच्ने ट्रम्पको घोषणा

वासिङ्टन, १४फागुन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ 'गोल्ड कार्ड' आवासीय अनुमति ५० लाख अमेरिकी डलरमा बिक्री गर्ने योजना सार्वजनिक गर्नुभएको छ ।
ट्रम्पले परम्परागत ग्रिनकार्डको उच्च मूल्यको संस्करण नयाँ भिसाको बिक्रीले रोजगारी सिर्जना गर्ने र अमेरिकी राष्ट्रिय घाटा कम गर्न प्रयोग गर्न सकिने बताउनुभएको छ ।
"हामी 'गोल्ड कार्ड' भिसा बेच्ने तयारी गरिरहेका छौँ । हामी त्यो कार्डको मूल्य करिब ५० लाख अमेरिकी डलर मूल्य र ाख्ने तयारी गरिरहेका छौँ," ट्रम्पले ओभल अफिसमा पत्रकार हरुसँग भन्नुभयो ।
आफ्नो दोस्रो कार्यकालको पहिलो प्राथमिकता लाखौँ गैरकानुनी आप्रवासीलाई देश निकाला गर ेका रिपब्लिकन राष्ट्रपति ट्रम्पले नयाँ कार्ड अत्यधिक मूल्यवान् अमेरिकी नागरिकताको मार्ग हुने बताउनुभएको छ ।
ट्रम्पले भन्नुभयो, "धेरै मानिसहरू यो देशमा बस्न चाहन्छन्, र उनीहरूले काम गर्न, रोजगारी प्रदान गर्न र कम्पनीहरू निर्माण गर्न सक्षम हुनेछन् र यसरी आउने पैसा भएका मानिसहरू हुनेछन् ।"
करिब दुई हप्ताभित्र कार्डको बिक्री सुरु हुने ट्रम्पले बताउनुभयो । "हामी यी कार्डहरूमध्ये १० लाख बिक्री गर्न सक्षम हुनेछौं । हामीले यो सबै काम अमेरिकी कानुन अनुरूप नै गरेका छौं," ट्रम्पले भन्नुभयो ।
उहाँले नयाँ गोल्ड कार्डको लागि



सबै आवेदकहरूलाई सावधानीपूर्वक जाँच गरिने बताउनुभयो । तर धनी रुसीहरुले पनि आवेदन दिन पाउँछन् कि सक्दैनन् भन्ने प्रश्नमा ट्रम्पले यो सम्भावना रहेको बताउनुभयो ।
"सम्भवत: म केही रूसी कुलीन वर्गहरूलाई चिन्दछु जुन धेरै र ाम्रो मानिसहरू हुन् । यो सम्भव छ," ट्रम्पले भन्नुभयो । "उनीहरू पहिलेजस्तो धनी छैनन् । मलाई लाग्छ कि उनीहरूले गर्न सक्छन्। मलाई लाग्छ उनीहरूले ५० लाख डलर खर्च गर्न सक्छन् । तीन वर्षअघि मस्कोले युक्रेनमाथि आक्रमण गरेयता थुप्रै रुसी कुलीन वर्ग पश्चिमी प्रतिबन्धको चपेटामा परेका छन् ।
अमेरिकी राष्ट्रपति ट्रम्पले पत्रकार हरूसँग कुरा गर्दै रुसमाथिको प्रतिबन्ध फुकुवा गर्न कुनै न कुनै समयमा सम्भव भए पनि अहिले वार्ताको टेबलमा नरहेको बताउनुभयो ।
ओभल अफिसमा ट्रम्पको छेउमा उभिएका अमेरिकी वाणिज्य मन्त्री हावर्ड लुटनिकले गोल्ड कार्डको बारेमा भन्नुभयो, "हामी त्यो पैसा हाम्रो घाटा कम गर्न प्रयोग गर्न सक्छौँ ।"
लामो व्यावसायिक करियरमा होटल र क्यासिनोको शृङ्खलाबद्ध ब्रान्डिङ गरेका ट्रम्पले नयाँ कार्डको नाम पनि आफ्नो नाममा राख्न सकिने सुझाव दिनुभएको छ ।
"कसैले भन्यो, "के हामी यसलाई ट्रम्प गोल्ड कार्ड भन्न सक्छौं ?" प्रत्युत्तरमा मैले भनेँ, "यदि यसले मद्दत गर्छ भने, ट्रम्प नाम प्रयोग गर्नुहोस् ।" रासस/एएफपी

# एकैदिन एक १५ जनालाई जरिवाना

दैनिक समाचारदाता
काठमाडौं, १४ फागुन । काठमाडौं महानगरपालिकाको नगर प्रहरी बलले एकैदिन १ सय १५ जनालाई जरिबाना तिराएको छ । बुधबार महानगर प्रहरीले सार्वजनिक गरेको मंगलबारको जरिबाना विवरण अनुसार काठमाडौ महानगरभित्र सहरी सुव्यवस्था कायम गर्न भन्दै विभिन्न शीर्षकमा २ लाख ६३ हजार रुपैयाँ बराबर जरिबाना तिराइएको हो ।
महानगरले ८८ वटा अनधिकृत पार्किङ गरिएका दुई पाङ्ग्रे सवारीसाधनलाई ८८ हजार रुपैयाँ जरिबाना तिराएको हो ।



यस्तै अनधिकृत पार्किङ गरिएका ७ वटा चार पाङ्ग्रे सवारीसाधनलाई २० हजार रुपैयाँ तिराएको छ ।
यस्तै जथाभावी फोहोर गर्ने १८ जनालाई कारबाही गर्दै १ लाख २५ हजार रुपैयाँ जरिबाना गरेको छ । सडकपेटी अतिक्रमण गरी निर्माण सामग्री राख्ने एक जनालाई १५ हजार रुपैयाँ, सडकपेटीमा सवारीसाधन राखी व्यापार गर्ने एक जनालाई महानगरले १५ हजार जरिबाना गरेको हो ।


**Bariyarpatti Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Bariyarpatti, Siraha**
**Madhesh Province, Nepal**

**Invitation for Sealed Quotation (E-Bidding)**

Date of Publication: 2081/11/15

Bariyarpatti Rural Municipality, Bariyarpatti, siraha invites electronic bids from eligible bidders under Sealed Quotation for the Construction work mentioned below:

| S.N. | Contract Id No. | Description of work | Total Estimated Amount(with VAT and Without Contingency) NRs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | |
|---|---|---|---|---|---|---|
| 1 | BRM/20/2081/082 | नाला तथा फुटपाथ निर्माण कजरा चौक | 1948767.67/- | 50000/- | 1000/- | For Detail Notice Scan QR Code |
| 2 | BRM/21/2081/082 | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद | 1021777.08/- | 25000/- | 1000/- | |
| 3 | BRM/22/2081/082 | सामुदायिक विधालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यबस्थापन | 1657936.00/- | 45000/- | 1000/- | |
| 4 | BRM/23/2081/082 | Supply and Delivery of motorbike to Bariyarpatti Rural Municipality,Siraha | 1590011.70/- | 40000/- | 1000/- | |

Eligible Bidders may obtain bidding documents electronically at the website of Public Procurement Monitoring Office egp system: www.bolpatra.gov.np/egp. For further details, please contact to Bariyarpatti Rural Municipality Office. For Detail Notice Visit our Website www.bariyarpattimun.gov.np

*Chief Administrative Officer*


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४